# उच्च प्रजनन् मानको बोयर बाख्रा स्रोत केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०७५

प्रदेश सरकार

प्रदेश नं. ३

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## हेटौंडा, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# उच्च प्रजनन् मानको बोयर बाख्रा श्रोत केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि ,२०७५

**प्रस्तावना :** प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को बजेट तथा कार्यक्रममा उच्च प्रजनन् मानको बोयर बाख्रा श्रोत केन्द्र निर्माण र सञ्चालन गर्न बजेटको व्यवस्था भएकोले प्रदेश नम्बर तीनमा बाख्रापालन पद्धतीको व्यावसायीकरण गर्न आवश्यक संख्यामा प्रजनन् योग्य बोयर जातको बोका-बाख्राको उपलब्धता सहज गराउन मन्त्रिपरिषदबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. <u>सँक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "उच्च प्रजनन् मानको बोयर बाख्रा श्रोत केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यविधि"** भन्नाले उच्च प्रजनन् मानको बोयर बाख्रा श्रोत केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०७५सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको उच्च प्रजनन् मानको बोयर बाख्रा श्रोत केन्द्र निर्माण तथा सञ्चालन सम्बन्धी स्वीकृत भएको वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नम्वर तिन सम्झनु पर्छ ।

(च) **"कार्ययोजना"** भन्नाले उच्च प्रजनन् मानको बोयर बाख्रा श्रोत केन्द्र निर्माण तथा सञ्चालन सम्बन्धी प्रस्ताव पेश गर्न तयार गरिएको परियोजना भन्ने सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(झ) **"समूह"** भन्नाले कम्तिमा १० जना बाख्रापालक कृषकहरुको सहभागितामा गठित समूह सम्झनु पर्छ ।

(ञ) **"समिति"** भन्नाले बाख्रापालक कृषकहरुको पाँच वटा समूहका प्रतिनिधीहरुको सहभागितामा गठित स्रोत केन्द्र सञ्चालन समिति सम्झनु पर्छ ।

(ट) **"साझेदार संस्था"** भन्नाले बाख्रा पालन समिति सम्झनु पर्छ ।

(ठ) **"स्रोत केन्द्र"** भन्नाले उच्च प्रजनन् मानको बोयर बाख्रा श्रोत केन्द्र सम्झनु पर्छ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

३. उद्देश्यः यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) प्रदेश नम्बर तीनको भौगोलिक क्षेत्र तथा हावापानी सुहाउँदो स्थानीय बाख्रामा वोयर वोका प्रजनन् गराई नश्ल सुधार पद्धतीद्वारा उच्च उत्पादनशील प्रजनन् योग्य बोका तथा बाख्राको उपलब्धता बढाउने,

(ख) प्रदेश नम्बर तीनमा दिगो र सहभागिता मूलक बाख्रा नश्ल सुधार प्रणाली स्थापित गर्ने,

(ग) बाख्रापालन पेशालाई व्यवसायीकरण गरि मासु आयातलाई न्युनिकरण गर्न सहयोग पुऱ्याउने,

(घ) ग्रामिण स्वरोजगार श्रृजनामा सहयोग पुऱ्याउने,

(ङ) मासु उत्पादनमा वृद्धी गर्ने ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. मूल्याङ्कन समितिः (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न मन्त्रालयमा सार्वजनिक खरिद ऐन(२०६३ र सार्वजनिक खरिद नियमावली(२०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

(२) प्रचलित कानूनमा व्यवस्था भए बमोजिम अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतीका लागि मन्त्रालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतीका लागि मन्त्रालयमा पेश गर्ने ।

५. अनुगमन तथा मूल्याङ्कनः (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, दफा ४ बमोजिमको समिति, निर्देशनालय र कार्यालयले आवश्कता अनुसार गर्नेछ । सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) यस कार्यक्रमको अनुगमन सम्बन्धित प्रदेश सभा सदस्य र जिल्ला समन्वय समितिले समेत गर्न सक्नेछ ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन प्रकृया

६. कार्यक्रम सञ्चालनः (१) प्रदेश नम्वर तिनको छ जिल्लामा कृषक समितिसँगको लागत साझेदारीमा यो कार्यक्रम सञ्चालन गरिने छ ।

(२) कार्यक्रम सञ्चालन हुने स्थान तथा जिल्ला मन्त्रालयले तोक्ने छ ।

(३) साझेदार संस्था सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ ।

(४) साझेदार संस्था अन्तर्गत कम्तिमा ५०० वटा प्रजनन् योग्य माउ बाख्रा हुनु पर्नेछ ।

(५) कृषक छनौट र स्रोत केन्द्र सञ्चालन समितिको गठन प्रकृया देहाय बमोजिम हुनेछः

(क) दश भन्दा बढी प्रजनन् योग्य बाख्रापालन गर्ने कृषकलाई प्राथमिकता दिनु पर्नेछ ।

(ख) बधुवा प्रणालीमा बाख्रापालन गर्ने कृषकहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

(ग) संभाव्यताको आधारमा समुदायका युवा र महिला कृषकहरुलाई समावेश गर्नु पर्नेछ।

(घ) कम्तिमा १० जना कृषक समूहमा हुनु पर्नेछ ।

(ङ) स्रोत केन्द्रको समस्या समाधान तथा यसको उचित व्यवस्थापनका लागि स्रोत केन्द्र सञ्चालन समिति गठन गर्नु पर्नेछ ।

(६) स्रोत केन्द्रमा प्राविधिकको ब्यवस्थाः कृषकहरुमा प्रविधि अनुशरण तथा बाख्राको अभिलेखिकरण, खोर, प्रजनन्, आहारा, स्वास्थ्य तथा बजार व्यवस्थापन कार्यको सहजिकरणका लागि सम्बन्धित स्थानीय तहको समन्वयमा स्रोत केन्द्रमा १ जना प्राविधिकको व्यवस्था गर्न सकिने छ ।

(७) बाख्राको नश्ल सुधार तथा प्रजनन् व्यवस्थापनः स्रोत केन्द्रमा तपसिल अनुसारका कृयाकलापहरु सञ्चालन गरिने छः-

(क) कार्यक्रम सञ्चालन भएको पहिलो वर्ष उत्पादन क्षमता न्यून भएका प्रजनन् योग्य बोकालाई खसि पार्न वा हटाउन विशेष अभियान सञ्चालन हुनेछ ।

(ख) बाख्राको नश्ल सुधार तथा हाड नातामा हुने प्रजनन् रोकथामको लागि प्रति समूहमा बोयर जात(जातिय गुण ५० प्रतिशत वा सो भन्दा बढी)को उपलब्ध गराईने छ । समूहमा उपलब्ध गराईने बोकाहरु छुट्टाछुट्टै सन्तान(फरक प्रजनन् पिढीका) हुनेछन्।

(ग) मन्त्रालयसँग समन्वय गरी सिफारिस गरिएको जातको प्रजनन् योग्य बोयर जातको बोका खरिद गरिने छ ।

(घ) अनुसूचि ६ बमोजिम कृषकहरुलाई कवुलियतनामा गराई बोका वितरण गरिने छ ।

(ङ) माउबाट दुध छुटाउने समयमा पाठा र पाठीलाई अलग गरिने व्यवस्था मिलाउनु पर्नेछ ।

(च) छनौट प्रकृयामा रहेका पाठाहरुको हकमा हाड नाताबाट हुने प्रजनन् रोक्न आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(छ) छनौट गरिसके पछि अयोग्य पाठालाई खसि पार्नु वा हटाउनु पर्नेछ ।

(८) बाख्राको अभिलेखीकरण, तथ्याङ्क विश्लेषण र छनौट प्रकृया देहाय बमोजिम हुनेछः-

(क) बाख्राको पहिचानका लागि बाख्राको संख्याको आधारमा उपलब्ध गराइने ट्याग तथा ट्यागिङ्ग मेशिनबाट स्रोत केन्द्रका सम्पूर्ण प्रजनन् योग्य माउ बाख्रा/बोका तथा पाठापाठीलाई अनिवार्य रुपमा ट्याग लगाउनु पर्नेछ ।

(ख) अभिलेखिकरणः स्रोत केन्द्रले अनुसूचि ७ बमोजिम माउ बाख्राको अभिलेख फारम भरि सुरक्षित साथ राख्नु पर्नेछ । कृषकले भरेका अभिलेख दुरुस्त भए/नभएको प्राविधिकले पुनरावालोकन गर्नु पर्नेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

(ग) अभिलेख तथा तथ्याङ्क पेश गर्नेः पहिलो चरणमा पाठापाठीको तीन महिनाको उमेरसम्म लिइएको अभिलेख/तथ्याङ्क कृषकबाट सङ्कलनगरि प्राविधिकले कार्यालयमा पेश गर्नेछ । कार्यालयले कम्पाईलगरि मन्त्रालयमा पठाउनु पर्नेछ । दोस्रो चरणमा पाठापाठीको पाँच महिना उमेरसम्म लिईएको अभिलेख/तथ्याङ्क पनि कृषकबाट सङ्कलन गरी प्राविधिकले कार्यालयमा पेश गर्ने छ । कार्यालयले कम्पाईल गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

(घ) कार्यक्रम अवधि समाप्त भएपछी स्रोत केन्द्र सञ्चालन कार्यलाई मन्त्रालयद्वारा निरन्तरता दिन सम्वन्धित कार्यालय मार्फत सतप्रतिशत को बोयर जातका बोका सहित केहि फलोअप कार्यक्रमहरु दिन सकिने छ ।

(ङ) बाख्राको छनौट प्रकृया अपनाउदा नश्ल सुधारको लागि बाख्राको तौल, बृद्धि दर, जन्मने पाठापाठीको संख्यालाई मुख्य आधार मानिने छ । कृषकले पालेका बाख्रा, बोका तथा तिनका पाठापाठीको अभिलेख राखि सोको निर्धारित मापदण्डको आधारमा तथ्याङ्क विश्लेषणगरि उच्च उत्पादन क्षमता भएका बोका/बाख्राको पहिचान तथा छनौट गरेर प्रजननको लागि प्रयोगमा ल्याईने छ । पाठापाठीको पहिलो तीन महिनाको तौल र माउ बाख्राको जुम्ल्याहा पाउने गुणलाई मुख्य आधार मानि माउ बाख्राको छनौट गरिने छ । पाठापाठीको हकमा पहिलो तीन महिनाको तौल, पाँच महिनाको तौल र जुम्ल्याहा गुणलाई मुख्य आधार मानि छनौट गरिने छ । प्रजनन्को लागि छनौट गरिएका बोका तथा पठ्यांग्री मध्ये उत्कृष्ट १०% बोका र २०% पठ्यांग्रीलाई सोही स्रोत केन्द्रको बथानमा राख्ने साथै उक्त बोका तथा पठ्यांग्रीमा हाडनाताको प्रजनन्लाई नियन्त्रण गर्न प्रजनन् योजना बनाउनु पर्नेछ । छनौट भएका बाँकी बोका तथा पठ्यांग्रीलाई प्रजनन्को लागि विक्री वितरण गर्ने व्यवस्था गर्नु पर्नेछ । प्रजनन् योग्य बाख्रा र बोकामा हुने गुणहरु अनुसूची ८ बमोजिम हुनेछ ।

७. <u>प्रस्ताव आव्हानः</u> उच्च प्रजनन् मानको बोयर बाख्रा श्रोत केन्द्र निर्माण तथा सञ्चालन कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार संस्थाबाट प्रस्ताव पेश गर्न पन्ध्र दिनको समय अवधी दिई मन्त्रालयले अनुसूची-१ बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ।

८. <u>प्रस्ताव दर्ताः</u> दफा ७ बमोजिमको समय अवधी भित्र साझेदारी गर्न ईच्छुक संस्थाबाट सम्बन्धित निकायले दिएको सिफारिस-पत्र, अनुसूची-३ बमोजिम कार्ययोजना तयार गरी मन्त्रालय वा सम्बन्धित कार्यालयमा अनुसूची-२ बमोजिम आवेदन-पत्र दर्ता गराउनु पर्नेछ । दर्ता भएका आवेदनहरु सङ्कलन गरी कार्यालयले यथाशिघ्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

९. <u>साझेदार संस्थाको छनौटः</u> दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-४ बमोजिम आवेदकको मूल्याङ्कन गरी प्राप्ताङ्कलाई सिलसिलेवार क्रममा कम्पाईल गरी स्वीकृतका लागि

मन्त्रालयमा पेश गर्नेछ । आवेदकले प्राप्त गरेको प्राप्ताङ्क र पेश गरेको कार्ययोजना मन्त्रालयले स्वीकृत गरी साझेदार संस्थाको छनौट गर्नेछ ।

१०. **आवेदकलाई जानकारी:** साझेदार संस्था छनौटको निर्णय भए लगत्तै मन्त्रालयले आवेदकलाई जानकारी दिनु पर्नेछ ।

११. **सम्झौता:** (१) जानकारी दिएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित साझेदार संस्थाले मन्त्रालयसँग अनुसूची-५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समय अवधी भित्र सम्झौता गर्न नआएमा क्रमशः दोश्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिने छ ।

(३) दफा ७ बमोजिम प्रस्ताव आह्वान गर्दा प्रस्ताव नपरेमा वा एक मात्र प्रस्ताव परी सम्झौता गर्न नआएमा मन्त्रालयले पुनः प्रस्ताव आह्वान गर्नेछ ।

## परिच्छेद-३
## आर्थिक पक्ष

१२. अनुदान रकम बढीमा २ किस्ता गरी मन्त्रालयले साझेदार संस्थाको बैंक खातामा उपलब्ध गराउने छ ।

१३. अनुदान रकम प्राप्त गर्न छनौट भएको साझेदार संस्थाले सम्वन्धित प्राविधिज्ञको सिफारिस सहित मन्त्रालयमा विल/भर्पाइ पेश गर्नु पर्नेछ ।

१४. पहिलो किस्ताको अनुदान रकम प्राप्त गर्न साझेदार संस्थाले सम्पूर्ण कार्यक्रमको पचास प्रतिशत कार्य सम्पन्न गरेको हुनु पर्नेछ ।

१५. अन्तिम किस्ताको रकम प्राप्त गर्न साझेदार संस्थाले प्रस्ताव अनुसारको बाँकी सम्पुर्ण कार्य सम्पन्न गर्नु पर्नेछ ।

१६. मन्त्रालयले साझेदार संस्थालाई अनुदान स्वरुप छ लाख पैसठ्ठी हजार(सत्तरी प्रतिशत रकम) उपलब्ध गराउने छ र कुल लागतको कम्तिमा तीस प्रतिशत रकममा नघटाई साझेदार संस्थाले स्वलगानी गर्नु पर्नेछ । साझेदार संस्थाले प्राप्त गर्ने अनुदान रकम र गर्नु पर्ने स्वलगानी देहाय बमोजिम हुनेछ:

(रकम रु. हजारमा)

| क्र.सं. | कृयाकलाप | अनुदान | स्वलगानी | जम्मा |
|---|---|---|---|---|
| १ | टयाग नम्बर एवं टयागिङ्ग मेशिन, परजिवी नियन्त्रण (आन्तरिक/वाह्य), खोप (पि.पि.आर./खोरेत) र बोका (जातिय गुण ५०% वा सो भन्दा बढी) खरिद | ६६५। | २००। | ८६५। |

१७. अनुदान रकमको तीन प्रतिशत कन्टेन्जेन्सी स्वरुप कट्टा गरिनेछ । मन्त्रालयले उक्त रकम भ्रमण खर्च, बैठक भत्ता तथा अन्य प्रशासनिक कार्यको लागि खर्च गर्नेछ ।

१८. <u>प्रगति पठाउने प्रकृया:</u> (१) साझेदार संस्थाले मासिक रुपमा प्रगति प्रतिवेदन मन्त्रालय वा कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी कार्यालयले मन्त्रालयमा पठाउनु पर्नेछ ।

१९. <u>कार्यक्रमको प्रभावकारीता:</u> कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनासँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

२०. <u>संशोधन:</u> यो कार्यविधि कार्यान्वयन सम्बन्धी बाधा अडचन मन्त्रालयले फुकाउन सक्नेछ ।

२१. <u>वचाउ:</u> यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलित कानून बमोजीम हुनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -१

(दफा ७ सँग सम्वन्धित)

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मितिः ... ... ... ...

आर्थिक वर्ष ... ... ... को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार समितिसँगको लागत साझेदारीमा उच्च प्रजनन् मानको वोयर बाख्रा स्रोत केन्द्र निर्माण तथा सञ्चालन गरिने भएको हुँदा साझेदारी गर्न इच्छुक बाख्रापालक कृषक समितिले यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिनसम्ममा आईपुग्ने गरी अनुसूचि २ बमोजिम आवेदन-पत्र साथ अनुसूचि ३ बमोजिम कार्ययोजना संलग्न गरी यस मन्त्रालय वा सम्बन्धित कार्यालयमा दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदन छनौटका प्रकृयामा समावेस गरिने छैन र थप जानकारीको लागि मन्त्रालय वा सम्वन्धित कार्यालयमा सम्पर्क राख्न यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**आवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु:**

(१) बाख्रापालन समितिको बैठकले उच्च प्रजनन् मानको बोयर बाख्रा स्रोत केन्द्र निर्माण तथा सञ्चालन गर्न गरेको निर्णय प्रतिलिपी ।

(२) समिति स्तरिय कार्ययोजना ।

(३) समिति दर्ता प्रमाणित प्रतिलिपी ।

(४) अन्य निकायवाट अनुदान लिए/नलिएको प्रमाणित गर्ने कागजात(स्वघोषणा) ।

(५) प्रस्तावक समितिका अध्यक्ष वा सचिवको शैक्षिक योग्यता र सम्बन्धित विययमा तालिम लिएको प्रमाण-पत्रको प्रमाणित प्रितलिपी ।

(६) समितिमा मौजुदा रहेका वोका तथा वाख्राहरुको विवरण, वोका वाख्राको वजारीकरण लगायत अन्य आवश्यक कुराको संक्षिप्त विवरण ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -२
(दफा ८ सँग सम्वन्धित)
**आवेदन-पत्र**

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मितिः … … … …

श्रीमान् प्रदेश सचिव ज्यू,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं. ३, हेटौंडा ।

विषयः प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

तहाँ मन्त्रालयले मिति … … … … गते … … … … राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित वाख्रापालन समितिसँगको लागत साझेदारीमा उच्च प्रजनन् मानको बोयर बाख्रा स्रोत केन्द्र निर्माण तथा सञ्चालन सम्बन्धी प्रस्ताव आह्वान गरे अनुसारको कार्यक्रममा साझेदारी गर्न ईच्छुक भई तपसिल अनुसारको कागजात यसैसाथ संलग्न गरी आवश्यक कारवाहीको लागि आवेदन पेश गरिएको ब्यहोरा अनुरोध छ ।

प्रस्ताव-पत्रसाथ संलग्न गरिएका कागजातहरुः

(१) बाख्रापालन समितिको बैठकले उच्च प्रजनन् मानको बोयर बाख्रा स्रोत केन्द्र निर्माण तथा सञ्चालन गर्न गरेको निर्णय प्रतिलिपी ।
(२) समिति स्तरिय कार्ययोजना ।
(३) समिति दर्ता प्रमाणित प्रतिलिपी ।
(४) अन्य निकायवाट अनुदान लिए/नलिएको प्रमाणित गर्ने कागजात(स्वघोषणा) ।
(५) प्रस्तावक समितिका अध्यक्ष वा सचिवको शैक्षिक योग्यता र सम्बन्धित वियमा तालिम लिएको प्रमाण-पत्रको प्रमाणित प्रितलिपी ।
(६) समितिमा मौजुदा रहेका वोका तथा वाख्राहरुको विवरण, वोका वाख्राको वजारीकरण लगायत अन्य आवश्यक कुराको संक्षिप्त विवरण ।

निवेदक

हस्ताक्षरः
मितिः
नामथरः
पदः
संस्थाको नामः
ठेगानाः
छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -३
### (दफा ८ सँग सम्वन्धित)
### समितिको संक्षिप्त कार्ययोजना विवरण

(१) **पृष्ठभूमीः** यसमा प्रष्टाउनु पर्ने बुँदाहरुः-

(क) स्रोत केन्द्र निर्माण शुरु गर्नु पर्नाको कारण र समग्र परिस्थिती ।

(ख) समूह र समितिको संक्षिप्त परिचय ।

(ग) स्रोत केन्द्र निर्माण के-कसरी स्थापना र सञ्चालन गरिने छ ।

(घ) प्रस्तावकसँग विद्यमान पूर्वाधारहरु : (भौतिक, वित्तिय र प्राविधिक क्षमता बारे वर्णन गर्ने)

(२) **दिर्घकालिन सोंच, उद्येश्य र महत्वः** यसमा प्रष्टाउनु पर्ने बुँदाहरुः-

(क) प्रस्तावित स्रोत केन्द्रबाट हासिल गर्न खोजिएको दिर्घकालिन लक्ष उल्लेख गर्ने ।

(ख) प्रस्तावित स्रोत केन्द्रले हासिल गर्ने तत्कालिन उद्देश्यहरु उल्लेख गर्ने ।

(ग) वोयर वाखा स्रोत केन्द्रबाट स्थानिय एवं राष्ट्रिय स्तरमा हासिल हुने प्रत्येक्ष/अप्रत्येक्ष लाभ उल्लेख गर्ने

(३) **संभाव्यता विश्लेषणः**

(क) व्यवसायीक योजनाः

(१) उत्पादन योजना (के, कती र कसरी उत्पादन गर्ने योजना छ, उल्लेख गर्ने)

(२) कच्चा पदार्थको उपलब्धता (स्रोत केन्द्रको लागी के, कती कच्चा पदार्थको आवश्यकता पर्दछ, उक्त कच्चा पदार्थ कहाँबाट र कसरी प्राप्त गरिन्छ, उल्लेख गर्ने)

(३) उत्पादन हुने बस्तु र परिमाण (स्रोत केन्द्र सञ्चालनमा आए पश्चात प्रति वर्ष उत्पादन हुने सेवा र उच्च प्रजनन् मानको बोयर बाख्रा/बोका परिमाण उल्लेख गर्ने)

(४) प्रबिधि प्रयोगको संभाव्यता (स्रोत केन्द्र निर्माणका लागि आवस्यक पर्ने प्रविधि, मेशिनरी, उपकरण, जनशक्ति र तिनको उपलब्धता कसरी सुनिश्चत गरिन्छ, उल्लेख गर्ने)

(ख) बजारिकरण योजनाः (उत्पादित खसी/बोका/बाख्राको सम्भावित बजार, बिक्री योजना र प्रतिस्पर्धामा कायम रहने योजना उल्लेख गर्ने)

(ग) समूह अन्तर्गत रकम परिचालन गरिने कृयाकलापहरु (रकम रु. हजारमा) :

| क्र.सं. | कृयाकलाप | अनुदान | स्वलगानी | जम्मा |
|---|---|---|---|---|
| १ | ट्याग नम्बर एवं ट्यागिङ्ग मेशिन खरिद | | | |
| २ | परजिवी नियन्त्रण(आन्तरिक/वाह्य) खरिद | | | |
| ३ | खोप(पि.पि.आर./खोरेत) खरिद | | | |
| ४ | बोका(जातिय गुण ५०% वा सो भन्दा बढी) खरिद | | | |

अनुसूची -४

(दफा ९ सँग सम्वन्धित)

**आवेदकको मूल्याङ्कन गर्ने फारम**

(१) जिल्लाः

(२) प्रस्तावक समितिको नामः

(३) ठेगानाः

(४) प्रस्तावित कार्यक्रमको नामः उच्च प्रजनन् मानको बोयर बाख्रा स्रोत केन्द्र निर्माण तथा सञ्चालन कार्यक्रम ।

(५) स्थलगत अनुगमन गरिएको मितिः

(६) स्थलगत अनुगमनमा संलग्न पदाधिकारीहरुको विवरणः

| क्र.सं. | पद | नामथर | कार्यरत निकाय | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

(७) मूल्याङ्कनका आधारहरु

| क्र.सं. | विवरण | भार | प्रासाङ्क |
|---|---|---|---|
| १ | समिति दर्ता मिति | ४ | |
| २ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | | |
| २.१ | सडक सुविधा भएको | २ | |
| २.२ | बिजुली सुविधा भएको | १ | |
| २.३ | पानीको सुविधा भएको | १ | |
| २.४ | जग्गाको स्वामित्व आफ्नै भएको | ४ | |
| २.५ | आफ्नै स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र, उपकरण भएको | २ | |
| २.६ | समितिमा मौजुदा वाख्रा संख्या,आहाराको व्यवस्था र अन्य आवश्यक व्यवस्था | ५ | |
| ३ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालीम (समितिका पदाधिकारीहरुको मात्र) | | |
| ३.१ | ७ दिन अवधीसम्मको तालीम | १ | |
| ३.२ | ७ देखी १५ दिने अवधिसम्मको तालिम | २ | |
| ३.३ | १६ देखी ३० दिने अवधिसम्मको तालिम | ३ | |
| ३.४ | १ महिना देखी ३ महिना अवधिसम्मको तालिम | ४ | |
| ३.५ | ३ महिना भन्दा बढी अवधीको तालिम | ५ | |
| ४ | वित्तिय क्षमता | | |
| ४.१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | ५ | |
| ४.२ | अन्य निकायबाट पनि साझेदारी हुने प्रतिबद्धता भएको | ५ | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| | | | |
|---|---|---|---|
| ५ | प्रत्येक्ष लाभाविन्वत संख्या | ५ | |
| ६ | वातावरणिय उपयुक्तता | | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आँकलन गरिएको | ३ | |
| ६.२ | वातावरणिय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको | ३ | |
| ७ | अन्य पक्षहरु | | |
| ७.१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| ७.२ | समितिको अवस्थिति र प्रस्तावित कार्यक्रम सञ्चालन स्थल बिचको तादात्म्यता | ५ | |
| ७.३ | भईरहेको बाख्रापालन व्यवसाय वाहेक वाख्रापालनमा लगानी गर्न खोजिएको नयाँ कार्य | १० | |
| ८ | स्विकृत कार्यविधी अनुसारको थप आधारहरु | | |
| ८.१ | आवदेक समितिको किसिम र सूचना मूताविक सम्बन्धित कार्यालयको प्राथमिकता | ५ | |
| ८.२ | प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | | |
| ८.२.१ | प्राविधिक प्रस्ताव गुणस्तर | ५ | |
| ८.२.२ | आर्थिक प्रस्ताव गुणस्तर | ५ | |
| ८.३ | व्यावसायिक कार्ययोजनाको स्पष्टता | | |
| ८.३.१ | मन्त्रालयको फर्म्याट | ३ | |
| ८.३.२ | कार्ययोजनाको विवरण | २ | |
| ८.४ | मुनाफा र शमविन्दुको आधारमा उपयुक्तता र दिगोपन | २ | |
| ८.५ | पेश भएका विवरणहरुको विश्वसनियता | | |
| ८.५.१ | स्थानिय निकायको अनुमती-पत्र | १ | |
| ८.५.२ | लेखा परिक्षण प्रतिवेदन | १ | |
| ८.५.३ | आधिकारिक निकायमा दर्ता प्रमाण-पत्र | १ | |
| | जम्मा | १०० | |

(८) प्रस्तावक समितिसँग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरणः

| क्र.सं. | विवरण | ईकाई | परिमाण | सामानको अवस्था |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

(९) स्थलगत अनुगमन टोलीको रायः

| क्र.सं. | पद | राय दिनेको नामथर | राय | | दस्तखत |
|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | |
| १ | | | | | |
| २ | | | | | |

### अनुसूची -५
(दफा ११ को उपदफा (१) सँग सम्वन्धित)

**<u>समितिसँगको सम्झौता</u>**

आर्थिक वर्ष ... ... ... मा सञ्चालन हुने साझेदारीमा आधारित उच्च प्रजनन् मानको बोयर बाख्रा स्रोत केन्द्र निर्माण तथा सञ्चालन हुने कार्यक्रमको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौडा (यसपछि पहिलो पक्ष भनिने) र ... ... ... ... उच्च प्रजनन् मानको बोयर बाख्रा स्रोत केन्द्र निर्माण गर्ने समिति, ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

**शर्तनामाहरुः**

उच्च प्रजनन् मानको बोयर बाख्रा स्रोत केन्द्रमा आवद्ध कृषकहरुले अनिवार्य रुपमा समितिको सदस्य भई लक्षित कार्यक्रम अनुसार बाख्रापालन गर्नु पर्नेछ ।

दुवै पक्षको सहमतीमा बोयर जातको बाख्रा स्रोत केन्द्र स्थापना गर्नु पर्नेछ ।

दोस्रो पक्षले प्रजनन् योग्य बाख्रा, बोका र पाठापाठीमा अनिवार्य रुपमा ट्याग लगाई नियमित रुपमा बाख्राको अभिलेख राख्नु पर्नेछ ।

दोस्रो पक्षले बाख्रामा अनियन्त्रित र हाँड नातामा प्रजनन् पूर्ण रुपमा नियन्त्रण गर्न प्रतिवद्ध हुनु पर्नेछ ।

स्रोत केन्द्रमा उत्पादित पाठालाई दुई महिनाको उमेरसम्म खसी पार्न र पाँच महिनाको उमेरसम्म विक्री वितरण गर्न पाइने छैन । पाठीको हकमा पनि सो उमेरसम्म विक्री वितरण गर्न पाइने छैन ।

पहिलो पक्षले उपलब्ध गराएको सेवा सुविधाको दोस्रो पक्षले दुरुपयोग गर्न पाउने छैन ।

संझौता अनुसार कार्य गर्दा भवितव्यमा परी नोक्सान भएमा पहिलो पक्ष जिम्मेवार रहने छैन ।

पहिलो पक्षले सञ्चालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन ।

दोश्रो पक्षले आफुसँग भएको बाख्राको विमा अनिवार्य रुपमा गराउनु पर्नेछ ।

सम्झौतामा उल्लेखित शर्त कार्यान्वयनमा कुनै द्विविधा परेमा दुवै पक्षको आपसी सहमतिमा निराकरण गरिने छ ।

| **<u>प्रथम पक्षः</u>** | **<u>दोश्रो पक्षः</u>** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | समितिको नामः |
| **<u>रहोवरः</u>** | समितिको छापः |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, | **<u>रहोवरः</u>** |
| योजना तथा अनुगमन महाशाखाः | स्थानिय तहः |

ईतिश्री विक्रम संवत ... साल ... महिना ... गते रोज ... शुभम् ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -६

**(दफा ६ को उपदफा (७घ) संग सम्बन्धित)**

**समितिले प्रजनन् योग्य बोयर बोका पाल्ने समूह प्रतिनिधी कृषकलाई गराईएको शर्तनामा**

भरपाई दादै आगे प्रदेश नम्बर तीनको … … … जिल्ला … … … महानागरपालिका/उप-महा नगरपालिका/नगरपालिका/गाउँपालिका, वार्ड नं. …, … … … टोल निवासी म … … … … ले आफ्नो र समितिका कृषकहरुले पालेका बाख्राहरुमा प्रजनन् सेवा उपलब्ध गराई बाख्राको श्रोत केन्द्र विकास तथा विस्तार गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौडाबाट प्राप्त ट्याग नं. ….. को बोयर जातको प्रजनन् योग्य बोका आज मिति … … … गतेका दिन तपसिल अनुसारका शर्तमा बुझिलिई यो भर्पाई गरी दिएँ । इतिश्री विक्रम सम्वत् ………. साल ………. महिना …… गते …… रोज ……… शुभम् ।

**शर्तनामा:**

१. आफुले बुझिलिएको बोयर जातको प्रजनन् योग्य बोकालाई प्रजननको लागि मात्र प्रयोग गरी सोको अभिलेख नियमित रुपमा मन्त्रालय वा सम्वन्धित कार्यालय वा उच्च प्रजनन् मानको बोयर बाख्रा स्रोत केन्द्रमा बुझाउने छु ।

२. बोका विरामी भएमा नजिकको कार्यालय वा स्थानिय तहको पशु सेवा ईकाईमा लगि उपचार गराउने छु । बोकाको अनिवार्य विमा गर्नेछु ।

३. वर्षको कम्तिमा चार पटक परजिवी विरुद्ध उपचार गराउने छु ।

४. राम्रो स्याहार सुसार र समयमा औषधि उपचार गर्दापनि अचानक बोयर बोका मरेमा नजिकको कार्यालयमा लगि पोष्टमार्टम गराउने छु ।

५. कुनै लापर्वाहीका कारण बोका मरेमा सोही गुणस्तरको बोका आफ्नै खर्चमा व्यवस्था गरि सेवा पुऱ्याउने छु ।

६. यस क्षेत्रका कृषक समुहले पालेका बाख्राहरुमा आवश्यकता अनुसार प्रजननको लागि बोका उपलब्ध गराउने छु ।

७. हाडनातामा हुने प्रजनन् नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाउने छु ।

८. स्रोत केन्द्र सञ्चालक समितिले बोका व्यवस्थापनको लागि अन्य कृषकलाई दिन निर्देशन दिएको अवस्थामा सोको पालना गर्नेछु ।

**बोका बुझ्नेको:**

नामः

ठेगानाः

दस्तखतः

मितिः

**बोका बुझाउनेको:**

नामः

ठेगानाः

दस्तखतः

मितिः

**रहोवर :**

स्थानिय बासिन्दाको:

नामः

पदः

दस्तखतः

मितिः

**प्रमाणित गर्ने:**

निकाय प्रतिनिधीको:

नामः

पदः

दस्तखतः

मितिः

छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -७
### (दफा ६ को उपदफ (८ख) सँग सम्बन्धित)
### माउ बाखाको अभिलेख
### उच्च प्रजनन् मानको बोयर बाखा स्रोत केन्द्र

......................

कृषकको नाम र ठेगानाः

| माउ बाखाको विवरणः | | | |
|---|---|---|---|
| नाम : | नश्ल : | ट्याग नं. : | जन्म मिति : |
| विगतका दिनमा के हुन्थ्यो ? | उल्टिरहने : | तुहिने : | बारंवार रोग लाग्ने : |
| राम्रो पक्ष के छ ? | | | |
| आमाको नाम: | नश्ल : | ट्याग नं. : | |
| बुवाको नाम: | नश्ल : | ट्याग नं. : | |

### माउ बाखासँग सम्बन्धित केही रेकर्डहरुः

| बेत नं. | मिति | | बोकाको ट्याग नं. | माउ बाखाको तौल लिएको | | पाठापाठीको लिङ्ग र तौल | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | | | २ | | | ३ | | | |
| | बोका लागेको | ब्याएको | | पटक | मिति | ट्याग नं. | लिङ्ग | तौल | ट्याग नं. | लिङ्ग | तौल | ट्याग नं. | लिङ्ग | तौल | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पाँचौं महिना | | | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पाँचौं महिना | | | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पाँचौं महिना | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पाँचौं महिना | | | | | | | | | | | |

| | |
|---|---|
| माउ बाख्रा बथानबाट हटेको मितिः | मरेको कि विक्री गरेको: |
| मरेको भए कारण (रोग लागेर, दुर्घटना भएको, जंगली जनावरको आक्रमणबाट) : | |

द्रष्टब्यः कृषकले पाठा जन्मदा, तीन महिनाको उमेरमा र पाँच महिनाको उमेरमा गरि जम्मा तीन पटक तौल लिने

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -८
### (दफा ६ को उपदफा (८ङ) संग सम्बन्धित)
### प्रजनन् योग्य माउ बाख्रा/बोकामा हुनुपर्ने गुणहरु

१. **प्रजनन् योग्य माउ बाख्रामा हुनुपर्ने गुणहरु देहाय बमोजिम हुने छन् :**

(क) दुई वा दुई भन्दा बढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनुपर्ने ।

(ख) माऊ बाख्राको आमा(Dam) र बुवा(Sire)को बीच नाता नभएको हुनपर्ने ।

(ग) पहिलो पटक व्याउने उमेर बढीमा १७ महिनासम्म हुनुपर्ने ।

(घ) दुई वर्षमा ३ पटक व्याउने विशेषता भएको हुनुपर्ने ।

(ङ) छनौट गरिने बाख्राको जात अनुसार जातिय गुण प्रष्ट देखिने हुनुपर्ने ।

(च) राम्रो दूध उत्पादन तथा पाठापाठी हुर्काउन सक्ने क्षमता भएको, लामो खुट्टा, शारिरीक वनावट तथा कल्चौडो र थुन मिलेको हुनुपर्ने ।

(छ) शारिरीक वनावटमा कुनै खोट नभएको, प्रजनन्सँग सम्वन्धित तथा अन्य कुनै रोग नलागेको हुनुपर्ने ।

(ज) छनौट गर्ने बाख्राले स्थानिय हावापानी सहन सक्ने र स्थानिय रुपमा उपलब्ध घाँसपात उपयोग गर्ने खालको हुनुपर्ने ।

२. **प्रजनन् योग्य बोयर बोकामा हुनुपर्ने गुणहरु देहाय बमोजिम हुने छन् :**

(क) दुई वा दुई भन्दा बढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनुपर्ने ।

(ख) बोकाको आमा(Dam) र बुवा(Sire)को बीच नाता नभएको हुनपर्ने ।

(ग) प्रजननको लागि छनौट गरिने बोयर जातको बोका राम्रो दूध दिने माउ(Dam)बाट जन्मेको हुनुपर्ने

(घ) आफ्नो दौतरीहरुको भन्दा वढी शारिरिक वृद्धि दर भएको छनौट हुनुपर्ने ।

(ङ) छनौट गरिने बोयर बोकाहरुको जात अनुसार जातीय गुण प्रष्ट देखिने हुनुपर्ने ।

(च) दुवै अण्डकोष राम्रोसँग विकासित भएको र एकै आकार प्रकारको हुनुपर्ने ।

(छ) फुर्तिलो, दानापानी रुचाएर खाने, छाला-रौं सफा र चम्किलो, उमेर अनुसार शारिरिक वृद्धि भएको हुनुपर्ने ।

(ज) चौडा छाती, सिधा तथा बलियो खुट्टा र टाउको तथा गर्दनको अनुपात मिलेको शरिर हुनुपर्ने ।

(झ) प्रजनन् सम्बन्धी रोग तथा अन्य रोगहरुबाट मुक्त हुनुपर्ने ।